नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

फोन नं: ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
टेकु, काठमाडौ

पत्र संख्या: ०६९/८०
च.नं १५६०

मिति: २०८०।०३।२९

**श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरु, सबै ।**

विषय:- दाबी गर्दा आवश्यक पर्ने कागजात तथा प्रक्रिया सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले बीमितहरुलाई सहज रुपमा सेवा प्रदान गरी रहनुका साथै सेवा प्रदान गर्दा आवश्यक पर्ने कागजातहरु संलग्न राखी दावी गरी रहनु भएकोमा यस बीमा बोर्डको तर्फबाट धन्यवाद दिन चाहन्छु । तथापि कतिपय सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले बीमितलाई सेवा उपलब्ध गराउँदा लाग्ने खर्च अनुसारको बील नदिने गरेको भन्ने जनगुनासो आउनुका साथै स्वास्थ्य बीमा बोर्डमा भुक्तानीको लागि बीमा व्यवस्थापन सूचना प्रणाली (open IMIS) मा पेश गर्नु पर्ने कागजातहरु नपुग भई दावी पुनरावलोकन गर्दा दावी अनुसारको रकममा अन्यथा हुन सक्ने भएकोले तपसिल बमोजिमका आवश्यक कागजातका साथै अन्य विषयबस्तुहरुको उचित व्यवस्थापन गरी दावी पुनरावलोकन प्रक्रियालाई सहजीकरण गरिदिनका लागि सम्वन्धित सबै सेवा प्रदायकमा यस बोर्डको मिति २०८०।०३।२२ को निर्णय अनुसार अनुरोध छ ।

तपसिल

१. अस्पतालको आफ्नै फार्मेसी भई अस्पतालको नाम बाट गरिएको बील समावेश गर्नुपर्नेछ। कुनै कारणबाट अस्पतालको आफ्नै फार्मेसी नभएको भनि गुनासो-उजुरी परेको समयमा दाबी भुक्तानीमा कठिनाई हुनेछ।
२. अस्पताल भर्ना, प्याकेज, औषधी, प्रयोगशाला तथा अन्य सामग्रीहरुको दाबी गर्दा बीमा बोर्डको दररेट बमोजिम बील अनिवार्य राखु पर्नेछ।

"तपाईको स्वास्थ्य हाम्रो अठोट"

Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

फोन नं: ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
टेकु, काठमाडौं

पत्र संख्या:
च.नं

३. बिरामी कुन वार्डमा वसेको हो (General Bed /ICU/CCU/NICU/ICU with Ventilator) आदी के मा के कति दिन वसेको हो? Discharge Paper मा सो खुल्ने गरि लेखिएको हुनु पर्नेछ। साथै सो को Cardex अनिवार्य राखि सोहि आधारमा बील काटिएको हुनु पर्ने छ।

४. भर्ना भएको बिरामीबाट कुनै किसिमको डिपोजिट रकम लिन पाईने छैन। यदि लिएको भनि गुनासो-उजुरी परेको समयमा दावी भुक्तानीमा अवरोध हुनेछ।

५. भर्ना भएको / ओ.टि. गरेको बिरामीको लागि दावी गरे अनुसारको ओ.टि. अथवा प्याकेज के हो? बीमा बोर्डको दररेट अनुसार सो को मूल्य खुल्ने बील अनिवार्य राख्नु पर्नेछ एवं ओ.टि. नोट सबिस्तार गरि राख्नु पर्नेछ। साथै प्याकेजले समावेश गर्ने बाहेकको औषधीहरु चलाएकोमा अस्पतालको बीलमा अल्फाबेटिकल्ली (Alphabetical order) राखि उक्त महंगो औषधी तथा ल्यावको खर्च भएको बील Underline वा Highlight मार्फत प्रष्ट बुझिने गरि पठाउनु पर्नेछ।

६. स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकार बाट निःशुल्क उपलब्ध हुने कुनै पनि कार्यक्रम र औषधीको सेवा वापतको रकम बीमा वोर्डमा दावी गर्न पाईने छैन।

७. अन्य आवश्यक कागजातको सन्दर्भमा बोर्डको मिति २०७९।०१।२२ को परिपत्र अनुसार सवै सेवा प्रदायक स्वास्थ्य संस्थाहरुलाई दावी गर्दा आवश्यक पर्ने कागजात तथा प्रक्रिया सोही बमोजिम हुनेछ।

२०८१।०४।२९

बाबुराम खनाल
(उप-सचिव)

बाबुराम खनाल
उप-सचिव



Scanned with CamScanner